




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार १९ गते शुक्रबार ❑ 3 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## असार २० मा विभिन्न ब्राण्डका नि:शुल्क कफीको स्वाद लिन पाइने

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

के तपाई व्यवसायीक कफी खेति गर्न चहानुहुन्छ ? के तपाई कफीको पारखी हुनुहुन्छ ? साच्चै हामीले कस्तो कफी खाने वा स्वास्थ्यका लागि कफीको महत्व लगायतका बिषयमा बृहत बहस, छलफल र अन्तरक्रिया सहितको राष्ट्रिय कफी प्रदर्शनी यही असार २० गते शनिबार पोखरामा हुने भएको छ । माथि उल्लेखित प्रश्नको गतिलो जबाफ दिने उद्धेश्यले शनिबार पोखरा मालेपाटन (डुम्रिबोट) मा राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय परिसरको कफी बगैचामा राष्ट्रिय कफी प्रदर्शनी हुने जसले उपभोक्तादेखि कफी उत्पादन र कफी बिक्रेतासम्मलाई एकै थलोमा भेला गराउने भएको हो ।

नेपाली कफीको उत्पादन, गुणस्तर, उपभोग तथा बजार प्रवर्द्धन गर्ने उद्देश्यले चिनौं, चाखौं, अपनाऔं, प्रवर्द्धन गरौं" भन्ने मूल नारासहित कार्यालयको कफी बगैंचामा उक्त कार्यक्रम सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय पोखराका निमित्त क्षेत्रीय निर्देशक चन्द्र पुरीले विहिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराउनु भएको हो ।

बोर्डको आयोजना तथा नेपाल कफी व्यवसायी महासंघ र केन्द्रीय कफी सहकारी संघको सहकार्यमा हुने कार्यक्रमका मुख्य आकर्षणमा उत्कृष्ट नेपाली कफीको प्रर्दशनी तथा नि:शुल्क कफी स्वाद लिने व्यबस्था, स्पेसियालिटी कफी ब्रुइङ प्रदर्शन, कफी बार तथा उपकरण प्रदर्शनी, कफी नर्सरी र बगैंचा अवलोकन, नि:शुल्क स्वाद परीक्षण, बीउदेखि कपसम्मको सम्पूर्ण कफी मूल्य शृं लाको प्रदर्शनी, गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया, विज्ञबाट प्राविधिक परामर्श तथा मनोरञ्जनात्मक गतिविधि हुने भएको उहाँले बताउनु भयो । कार्यक्रममा प्रवेश नि:शुल्क हुने बोर्डले जनाएको छ ।

नेपाली कफी विश्व बजारमा स्पेसियालिटी कफी का रूपमा स्थापित हुँदै गएको उहाँले बताउनुभयो । उहाँका अनुसार अन्तर्राष्ट्रिय मापदण्डअनुसार ८० प्रतिशत वा सोभन्दा बढी कपिङ स्कोर प्राप्त गर्ने कफीलाई स्पेसियालिटी कफी मानिन्छ र नेपाली कफीले नियमित रूपमा सो मापदण्ड पूरा गर्दै आएको छ। नेपालको भौगोलिक अवस्था, ८०० देखि १,६०० मिटर उचाइ, अनुकूल हावापानी, माटो तथा प्रायः अर्गानिक खेती प्रणालीका कारण नेपाली अरेबिका कफीको स्वाद र गुणस्तर विशिष्ट रहेको उहाँको भनाइ थियो । उहाँले विदेशी मुलुकबाट आयात हुने सामान्य गुणस्तरको कफी प्रतिकिलो ७०० देखि ७५० रुपैयाँसम्ममा नेपाल भित्रिने गरेको उल्लेख गर्दै नेपाली स्पेसियालिटी कफी भने अन्तर्राष्ट्रिय बजारमा करिब दुई हजार एक सय रुपैयाँ प्रतिकिलोसम्म बिक्री हुने दाबी गर्नुभयो। गुणस्तरमा नेपाली कफी विश्व बजारसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा पुगेकाले यसको उत्पादन र बजारीकरणमा थप लगानी आवश्यक रहेको उहाँले बताउनुभयो । बोर्डका अनुसार हाल नेपालका ४३ जिल्लामा कफी खेती विस्तार भएको छ भने ३० हजारभन्दा बढी कृषक यस व्यवसायमा आबद्ध छन्। आर्थिक वर्ष २०८१/८२ मा पाँच हजार ५०१ हेक्टर क्षेत्रफलबाट ६४२ मेट्रिक टन ग्रिन बिन कफी उत्पादन भएको छ । यद्यपि स्वदेशी उत्पादन पर्याप्त नहुँदा सोही अवधिमा १४ करोड ४१ लाख रुपैयाँ बराबरको २३० मेट्रिक टन कफी आयात गरिएको तथ्याङ्क रहेको छ । पछिल्ला वर्षहरूमा युवाहरूको आकर्षण पनि कफी खेतीतर्फ बढ्दै गएको बोर्डले जनाएको छ। पोखरा पछिल्लो समय नेपाली स्पेसियालिटी कफीको प्रमुख केन्द्रका रूपमा विकास भइरहेको उल्लेख गर्दै पुरीले यस कार्यक्रमले नेपाली कफीको विशिष्ट स्वाद, गुणस्तर र पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा थप स्थापित गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा देशभरका कफी उत्पादक किसान, प्रशोधनकर्ता, व्यवसायी, सहकारी संस्था, क्याफे सञ्चालक, उपभोक्ता तथा सरोकारवाला निकायको सहभागिता रहने जनाइएको छ ।

यसैगरी राष्ट्रिय कफी कपिङ च्याम्पियनसिपमा कफी सहकारी संघ लि., ललितपुर उत्कृष्ट भएको छ । ३२ वटा विभिन्न प्रतियोगिहरु मध्यबाट ८६.२५ अंकसहित कफी सहकारी संघ लि., ललितपु प्रथम हुन सफल भएको नि.प्रमुख पुरीले जनाउनु भयो । त्यसै गरी महाभारत साना किसान कृषि सहकारी संस्था, काभ्रे ८६.०० अंकसहित दोश्रो हुन सफल भएको उहाँले जनाउनु भयो । त्यसै गरी कोट थोक कफी उत्पादक कृषक समूह, गोरखा, महादेवटार धोग कृषि फर्म, काभ्रे तथा गुल्मी कफी स्टेट प्रालि., गुल्मी समान ८४.७५ अंक प्राप्त गर्दै तेश्रो हुन सफल भए । विजेतालाई १० हजार तथा दोश्रो हुनेलाई ८ हजार अन्य तेश्रो हुने ३ समुहलाई जनही ६ हजार साथमा अवार्ड समेत वितरण गरिने भएको पुरीले जनाउनु भयो ।

वि.सं. १९९५ मा सन्त हिरा गिरीले तत्कालीन बर्मा (हाल म्यानमार) बाट ल्याएको कफीको बीउ गुल्मीको आँपचौरमा रोपेपछि नेपालमा कफी खेतीको सुरुआत भएको इतिहास छ । अहिले नेपाली कफी किसानको महत्वपूर्ण नगदे बालीका रूपमा स्थापित हुँदै गएको छ भने यसको अन्तर्राष्ट्रिय माग पनि निरन्तर बढिरहेको बोर्डको भनाइ छ। यसैबिच, कार्यक्रमको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गर्ने कार्यक्रम तय गरिएको आयोजकले जनाएको छ । यसैबिच, जिल्ला कफी संघ कास्कीका अध्यक्ष आनन्द सुवेदीले मनाङ, मुस्ताङ र नवलपुरबाहेक गण्डकीका अन्य आठ जिल्लामा व्यावसायिक कफी खेती विस्तार गर्न सकिने प्रशस्त सम्भावना रहेको बताउनु भयो । उहाँले भन्नुभयो "निर्यातको तुलनामा नेपालले करिब चार गुणा बढी कफी आयात भएको अवस्था छ, पोखरामा हुन लागेको राष्ट्रिय प्रदर्शनीले कफीको आर्थिक महत्व, उत्पादन प्रविधि, प्रशोधन, बजार र उपभोग संस्कृतिबारे आम नागरिकलाई जानकारी दिने मात्र होइन, स्वदेशी कफीको प्रवर्द्धनमा कोशेढुङ्गा सावित हुनेछ ।"

## उपाध्यक्ष पौडेललाई ६ दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति

**रासस**
काठमाडौं, १८ असार

विशेष अदालतले नेकपा (एमाले) का उपाध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा तेस्रो पटक म्याद थप गरी अनुसन्धान गर्न अनुमति दिएको छ ।

विशेष अदालतका न्यायाधीशहरू नारायणप्रसाद पौडेल, हेमन्त रावल र उमेश कोइरालाको इजलासले बुधबार पूर्वअर्थमन्त्री पौडेललाई थप ६ दिन थुनामा राखेर अनुसन्धान गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अनुमति दिएको हो । विशेष अदालतले यसअघि उपाध्यक्ष पौडेललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा पहिलो पटक सात दिन, दोस्रो पटक तीन दिन र अहिले तेस्रो पटक ६ दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो । आदेशमा भनिएको छ, "सम्पत्ति शुद्धीकरण मुद्दाको अनुसन्धानको क्रममा पक्राउ परेका आरोपी विष्णुप्रसाद पौडेललाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट अनुसन्धान प्रयोजनार्थ म्याद थपका लागि पेश भएकामा आज तेस्रो पटक ६ दिन म्याद थप भएको छ ।" उपाध्यक्ष पौडेललाई यही असार ८ गते सुर्खेतबाट पक्राउ गरी काठमाडौं ल्याएर अदालतमा उपस्थित गराइएको हो । उहाँलाई अनुसन्धानका लागि न्यायिक हिरासतमा राखिएको छ ।

## पोखरा महानगरको बजेट पारित

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

पोखरा महानगरपालिकाको १९औँ नगरसभाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि वार्षिक विकास कार्यक्रम (बजेट) पारित गरेको छ ।

नगर उपप्रमुख मन्जुदेवी गुरुङले गत असार ५ गते प्रस्तुत गर्नुभएको महानगरको आगामी आवको विकास कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट रु सात अर्ब १५ करोड २५ लाख सर्वसम्मतिले पास गरेको हो ।

महानगरले प्रस्तुत गरेको आगामी वर्षको बजेटका स्रोतहरूमा सङ्घीय सरकार सशर्त अनुदानबाट रु दुई अर्ब ६१ करोड ९१ लाख, सङ्घीय सरकार विशेष अनुदानबाट रु पाँच करोड ५० लाख, समपूरक अनुदान रु एक करोड ८२ लाख, समानिकरण अनुदान रु ४९ करोड ३७ लाख गरी सङ्घीय सरकार वित्तीय हस्तान्तरणको कुल योगदान रु तीन अर्ब १८ करोड ६० लाख रहेको छ । यसैगरी गण्डकी प्रदेश सरकार समपूरक अनुदानतर्फ रु ६० लाख, विशेष अनुदान रु ४० लाख र समानीकरण अनुदानतर्फ रु आठ करोड १५ लाख ३६ हजार गरी प्रदेश सरकार वित्तीय हस्तान्तरणको कुल योगदान रु नौ करोड १५ लाख ३६ हजार रहेको छ ।

राजस्व बाँडफाँटतर्फ सङ्घीय सरकारबाट प्राप्त हुने रु ३४ करोड ३४ लाख ७३ हजार, राजश्व बाँडफाँट गण्डकी प्रदेश सरकारबाट रु चार करोड नौ लाख ८६ हजार, राजश्व बाँडफाँट स्थानीय सरकारतर्फ रु एक अर्ब ३१ लाख १४ हजार र आन्तरिक स्रोततर्फ रु दुई अर्ब ४८ करोड ७३ लाख ९१ हजार गरी कुल आन्तरिक आय रु तीन अर्ब ८७ करोड ४९ लाख ६४ हजार हुनेछ । कुल विनियोजनमा चालु खर्चतर्फ ५५.१५ तथा पुँजीगत खर्चतर्फ ४४.९५ रहेको छ ।

नगरसभाले पोखरा महानगरपालिकाको आर्थिक विधेयक, २०८३, विनियोजन विधेयक, २०८३, न्यायिक समितिको वार्षिक प्रतिवेदन, सार्वजनिक लेखा समितिको प्रतिवेदनसहित कार्यपालिकाबाट सिफारिस भइआएका विधेयक, संशोधन विधेयक, मापदण्डलगायत कानुनहरूसमेत पास गरेको छ । महानगर प्रमुख धनराज आचार्यले नगरसभालाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नेनगरसभासदस्यहरूप्रति आभार व्यक्त गर्नुभयो ।

## कास्की जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपन घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

कास्की जिल्लाइ पूर्ण खोप सुनिश्चितता तथा दिगोपन घोषणा गरिएको छ ।

पूर्णखोप सुनिश्चितता निर्देशिका २०७१ बमोजिम सम्पूर्ण प्रक्रीयाहरू पूरा गरि बिहीवार जिल्ला समन्वय समिति कास्कीमा बिशेष समारोहका बिच सो घोषणा गरिएको हो ।

यस अघि कास्किका सबै पाँच पालिकाहरू पूर्ण खोप सुनिश्चितता तथा दिगोपन घोषणा भएका थिए । उक्त अबशरमा प्रमुख पौडेलले सो अभियानलाई सफल पार्न महत्त्वपूर्ण भुमिका निर्बाह गर्ने सबै पक्षहरूलाई आभार व्यक्त गर्दै सबै तहका जन प्रतिनिधिहरू र आम जनसाथले नै कुनै अभियान सफल हुने बताउनुभयो ।

स्वस्थ्य नागरिक नै भाबी नेपालको समृद्धिको मुख्य आधार भएको हुँदा भाबी नागरिक अहिलेका बालबालिकाको स्वस्थ्य अबस्थाका लागि सुरक्षात्मक उपाय खोप नै प्रभाबकारी भएको उल्लेख गर्नुभयो । सो अवसरमा स्वास्थ्य मन्त्रालयका सचिब डा. युबानिधी बसौला, मन्त्रालयका अतिरिक्त सचिब खिम बहादुर खड्का, जिसस कास्कीका उप प्रमुख सरिता माल, जिल्ला खोप समन्वय समिति सदस्य सचिब मधुरजी ढकाल, जिल्ला समन्वय अधिकारी नवराज बराल सहितले आ आफ्नो भनाइ राख्नु भएको थियो ।


सो कार्यक्रममा अभियान सफल पार्न महत्वपूर्ण भुमिका निर्बाह गर्ने तथा सेवा अबकास प्राप्त गर्ने महिला स्वास्थ्य स्वयंसेबिकाहरूलाइ सम्मान समेत गरिएको थियो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख तथा जिल्ला खोप समन्वय समितिका संयोजक लिलाधर पौडेलको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको थियो ।

## 'स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक' पारित

**रासस**
काठमाडौं, १८ असार

प्रतिनिधिसभाको आजको बैठकबाट 'स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८३' पारित भएको छ ।

अध्यादेशलाई विस्थापन गर्न ल्याइएको उक्त विधेयकमाथिको दफाबार छलफल र सम्बन्धित मन्त्रीको जवाफपछि निर्णयार्थ प्रस्तुत हुँदा विधेयक बहुमतले पारित भएको हो । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । त्यसअघि मन्त्री मेहताले छलफलमा सदनमा उठेका प्रश्नमाथि जवाफ दिँदै सरकारले अघि सारेको १०० बुँदे सुधारको कार्यसूचीबमोजिम स्वास्थ्य क्षेत्रमा सुधार हुँदै आएको बताउनुभयो । उहाँले विपन्न वर्ग पैसा नभएकै कारण उपचारबाट वञ्चित हुन नपरोस् भनेर १० प्रतिशत शय्या व्यवस्था गरिएको स्पष्ट गर्नुभयो । विधेयकमाथि संशोधनकर्ता सांसदहरू आरेन राई, निशा डाँगी, खड्ग शाही, सीता थपलिया, प्रमिलाकुमारी गच्छदार, कमल सुवेदी, रमेश मल्ल, साजिदा खातुन सिद्धकी, कृपाराम रानालगायतले छलफलमा भाग लिनुभयो । छलफलमा सांसदहरूले उक्त विधेयकले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानभित्र रहेका समस्यालाई सम्बोधन नगरेको तथा पदाधिकारीलाई प्राथमिकता दिएकाले विद्यमान समस्या समाधान हुने गरी संशोधन गर्न आग्रह गर्नुभयो । छलफलका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद डा तोसिमा कार्कीले विगतमा बहाल रहेका स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीलाई 'भाइरस' को सङ्ज्ञा दिएको भन्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का रमेश मल्ल र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का ऐनबहादुर महरले नियमापत्ति जनाउनुभयो । सो नियमापत्तिपछि सभामुख डोलप्रसाद अर्यालले त्यसबारे आफ्नो ध्यानाकर्षण भएको जनाउँदै यस विषयमा छानबिन गर्न सचिवालयलाई आदेश दिनुभयो ।

# कास्की जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपन घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

कास्की जिल्लाइ पूर्ण खोप सुनिश्चितता तथा दिगोपन घोषणा गरिएको छ।

पूर्णखोप सुनिश्चितता निर्देशिका २०७१ बमोजिम सम्पूर्ण प्रक्रीयाहरू पूरा गरि बिहीवार जिल्ला समन्वय समिति कास्कीमा बिशेष समारोहका बिच सो घोषणा गरिएको हो।

यस अघि कास्किका सबै पाँच पालिकाहरू पूर्ण खोप सुनिश्चितता तथा दिगोपन घोषणा भएका थिए। उक्त अबशरमा प्रमुख पौडेलले सो अभियानलाई सफल पार्न महत्त्वपूर्ण भुमिका निर्बाह



गर्ने सबै पक्षहरूलाई आभार व्यक्त गर्दै सबै तहका जन प्रतिनिधिहरू र आम जनसाथले नै कुनै अभियान सफल हुने बताउनुभयो। स्वस्थ्य नागरिक नै भाबी नेपालको समृद्धिको मुख्य आधार भएको हुँदा भाबी नागरिक अहिलेका बालबालिकाको स्वस्थ्य अबस्थाका लागि सुरक्षात्मक उपाय खोप नै प्रभाबकारी भएको उल्लेख गर्नुभयो।

सो अवसरमा स्वास्थ्य मन्त्रालयका सचिब डा. युबानिधी बसौला, मन्त्रालयका अतिरिक्त सचिब खिम बहादुर खड्का, जिसस कास्कीका उप प्रमुख सरिता माल, जिल्ला खोप समन्वय समिति सदस्य सचिब मधुरजी ढकाल, जिल्ला समन्वय अधिकारी नवराज बराल सहितले आ आफ्नो भनाइ राख्नु भएको थियो।

सो कार्यक्रममा अभियान सफल पार्न महत्वपूर्ण भुमिका निर्बाह गर्ने तथा सेवा अबकास प्राप्त गर्ने महिला स्वास्थ्य स्वयंसेबिकाहरूलाइ सम्मान समेत गरिएको थियो। जिल्ला समन्वय समिति कास्कीका प्रमुख तथा जिल्ला खोप समन्वय समितिका संयोजक लिलाधर पौडेलको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको थियो।

# लेउवा संघको स्थापना दिवसमा ब्याडमिन्टन र दौड प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

लेखनाथ उद्योग वाणिज्य संघले आफ्नो ३० औं स्थापना दिवस एवं २९ औं वार्षिकोत्सवका अवसरमा संस्थाका सदस्यहरु विच ब्याडमिन्टन तथा दौड प्रतियोगिता सम्पन्न गरेको छ।

असार १६ र १७ गते गरि २ दिनसम्म आयोजित ब्याडमिन्टन प्रतियोगिताको उपाधी शुभम पार्टी प्यालेसका सञ्चालक हरि बस्ताकोटी र आरोश फर्निचर उद्योगका सञ्चालक सन्तोष गुरुङको समुहले प्राप्त गरेको छ भने गण्डकी मल्टी एग्रो फार्मका सञ्चालक हरि बुढाथोकी र शिशुवा कंक्रिट ब्लक उद्योगका सञ्चालक लक्ष्मण बाँस्तोलाको समुह उपबिजेतामा सिमित हुन पुगेको छ। प्रतियोगितामा लेखनाथ आल्मुनियम एण्ड स्टील उद्योगका सञ्चालक भविन्द्र पुन र श्रीराम काष्ठ उद्योगका सञ्चालक उपेन्द्र राज सुवेदीको समुह साथै स्वस्तिका किराना पसलका सञ्चालक खिमनाथ शर्मा र रिस्ता फेन्सी एण्ड कस्मेटिक्सका सञ्चालक रमेश प्रसाद बाँस्तोलाको समुहले सान्त्वना स्थान हासिल गरेको छ। प्रतियोगितामा प्रथम हुने समुहले नगद रु ३० हजार, द्धित्तीय हुने समुहले नगद रु १७ हजार र तृतीय हुने २ समुहले नगद रु ८/८ हजार साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन। यस्तै



संघको आयोजनामा बिहिबार नै अन्तर सदस्यीय महिला तथा पुरुष दौड प्रतियोगिता सम्पन्न भएको छ। भण्डारढिक खेलमैदानबाट शुरु भई पावरहाउसमा पुगी सम्पन्न भएको प्रतियोगितामा महिला तर्फ छाया बसौला प्रथम भएकी छिन, उनले निर्धारित दुरी १५ मिनेट १३ सेकेण्डमा पुरा गरेकी थिईन भने सोही दुरी १५ मिनेट १७ सेकेण्डमा पुरा गर्दै ईन्दु जोशीले दोश्रो स्थान हासिल गर्न सफल भएकी छिन। यस्तै तृतीय स्थानमा रहन सफल बिनिता गोदारले १७ मिनेट ७ सेकेण्डमा निर्धारित दुरी पार गर्न सफल भईन भने सोही दुरी १८ मिनेट ३० सेकेण्डमा पुरा गर्दै लक्ष्मी बाँस्तोलाले सान्त्वना स्थान हासिल गरिन। पुरुषतर्फको प्रतियोगितामा राहुल थापा प्रथम भएका छन, उनले निर्धारित दुरी १० मिनेट २६ सेकेण्डमा पुरा गरेका थिए भने सोही दुरी १० मिनेट ५१ सेकेण्डमा पुरा गर्दै नारायण काफ्ले दोश्रो स्थान हासिल गर्न सफल भएका छन। यस्तै तृतीय स्थानमा रहन सफल खड्क कुमालले ११ मिनेट ५२ सेकेण्डमा निर्धारित दुरी पार गर्न सफल भए भने सोही दुरी १२ मिनेट १५ सेकेण्डमा पुरा गर्दै रमेश श्रेष्ठले सान्त्वना स्थान हासिल गरे। महिला/पुरुष दुवैतर्फ प्रथम, द्धितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्नेले क्रमश नगद १० हजार, ८ हजार, ६ हजार र ४ हजार साथमा मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन। दुवै प्रतियोगितामा उत्कृष्ट हुन सफल प्रतियोगिहरुलाई यहि असार २० गते आयोजना हुने स्थापना दिवस विशेष समारोहमा प्रदान गरिने आयोजकले जनाएको छ। समारोहको गण्डकी प्रदेशका उद्योग मन्त्री यशोदा रिमालले उद्घाटन गर्ने कार्यक्रम रहेको आयोजकले जनाएको छ।

संघका अध्यक्ष जानुका पराजुली अधिकारीले व्यवसायीहरुको विचको आपसी सम्बन्ध र भाईचारलाई अझै प्रगाढ बनाउने उद्धेश्यले प्रतियोगिताको आयोजना गरिएको र यस्ता कार्यक्रमहरुले सहभागीहरुको स्वास्थ्यमा पनि सकारात्मक भुमिका खेल्ने दाबी गरिन।

# लेउवा संघमा महिला जनप्रतिनिधि तथा उद्यमीका लागि नेतृत्व सीप विकास तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

लेखनाथ उद्योग वाणिज्य संघमा महिला जनप्रतिनिधि तथा उद्यमीहरूका लागि नेतृत्व सीप विकास विषयक तीन दिने प्रशिक्षण कार्यक्रम बिहिबार सम्पन्न भएको छ। असार १६ गतेदेखि ३ दिन सम्म सञ्चालन भएको उक्त तालिम विहिबार समापन गरिएको हो।

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरले आयोजना, पोखरा महानगरपालिका अन्तर्गतको व्यवसाय प्रवर्द्धन केन्द्र र लेखनाथ उद्योग वाणिज्य संघको समन्वयमा आयोजित तालिममा महानगरपालिकाका विभिन्न वडाका जनप्रतिनिधि र स्थानीय महिला उद्यमीहरूको सहभागिता रहेको थियो। समापन कार्यक्रमलाई




सम्बोधन गर्दै प्रतिष्ठानका कार्यकारी निर्देशक जयकृष्ण श्रेष्ठले नेतृत्व र उद्यमशीलता दुवै एकअर्कासँग जोडिएको भन्दै उद्यमी बन्न सक्नु नै ठूलो उपलब्धि हुने बताएका थिए। उनले प्रशिक्षणले सहभागीहरूको भावी जीवनमा सिकेका कुरा व्यवहारमा उतार्न प्रेरित गरोस् भन्ने अपेक्षा व्यक्त गरेका थिए। सिकेका कुरा तत्काल प्रयोगमा ल्याउँदै जाने र त्यसबाट थप सिक्दै जाने प्रक्रियालाई नै "लर्निङ बाई डुइङ" भनिने उल्लेख गर्दै उनले महानगरपालिका र संघले उपलब्ध गराएको समय र स्रोतको सदुपयोग सहभागीहरूको भावी व्यवहार परिवर्तनबाटै प्रमाणित हुने बताएका थिए।

कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष जानुका पराजुलीले सकारात्मक सोच र विचार लिएर अगाडि बढ्न सहभागीहरूलाई आग्रह गरेकी थिईन। समस्या आइपरे संघमार्फत नै समाधान खोज्न सकिने बताउँदै उनले संघले नीतिगत तहमै पैरवी गरेर परिवर्तन ल्याएका उदाहरण पनि प्रस्तुत गरेकी थिईन।

कार्यक्रममा वडा सदस्य उमा परियारले सहभागिको तर्फबाट मन्तब्य ब्यक्त गर्दै तालिम उपयोगी र फलदायी भएको बताएकी थिईन। सञ्चारकर्मीहरु दिपेन्द्र श्रेष्ठ, सरिता तिमिल्सीना पँगेनी, लेखनाथ उद्योग वाणिज्य संघका अध्यष जानुका पराजुली, प्रथम उपाध्यक्ष विक्रम कर्माचार्य, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका हेमाराज थापा लगायतले प्रशिक्षण दिएका थिए। संघका वरिष्ठ उपाध्यक्ष गोपीचन्द्र बाँस्तोलाले धन्यवाद ज्ञापन गर्नुभएको कार्यक्रमको सञ्चालन संघकी उप-महासचिव गंगा मल्लले गरेकी थिईन।

# लायन्स क्लब अफ पोखरा चौतारीद्वारा गोकुलधामका गाईलाई पशुआहार

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

लायन्स वर्ष २०२६-०२७ को शुभारम्भको अवसर पारेर लायन्स क्लब अफ पोखरा चौतारीले एक उदाहरणीय सामाजिक कार्य गरेको छ।

क्लबले आफ्नो नयाँ कार्यकालको पहिलो दिन पोखरा-१४, बाच्छेबुडुवामा सञ्चालित पुष्करिणी परोपकार गोकुलधाममा रहेका गाईहरूका लागि पशुआहार तथा खाद्यान्न सामग्री वितरण गरेको हो।

एक समारोहका बीच पूर्व बैंकर समेत रहनुभएका क्लबका अध्यक्ष गोविन्दप्रसाद ढकालले राष्ट्रिय परोपकार महासंघ नेपालका अध्यक्ष तथा गोकुलधामका प्रमुख पण्डित कमलनयन गौतमलाई उक्त सहयोग सामग्री हस्तान्तरण गर्नुभयो। नयाँ लायन्स वर्षको पहिलो दिनलाई रचनात्मक र परोपकारी कार्यबाट सुरुवात गर्नका लागि यो कार्यक्रम आयोजना गरिएको अध्यक्ष ढकालले जानकारी




दिनुभयो। धाममा हाल २ सयभन्दा बढी गाईहरूको संरक्षण भइरहेको छ। विगतमा पोखरा महानगरपालिकाका विभिन्न क्षेत्रमा अलपत्र र छाडा रूपमा छाडिएका गाईहरूलाई एकत्रित गरी आफ्नै पहलमा संरक्षण दिन थालिएको धामका अध्यक्ष पण्डित कमलनयन गौतमले बताउनुभयो।

कार्यक्रममा बोल्दै लायन्सका डिस्ट्रिक्ट ट्रेजरर पुरुषोत्तम पराजुलीले लायन्सले स्वास्थ्य र शिक्षा क्षेत्रमा मात्र नभई पशुचौपायाको कल्याण र संरक्षणमा पनि उत्तिकै चासो दिएर सहयोग पुऱ्याएको प्रस्ट पार्नुभयो।

उक्त राहत तथा सहयोग कार्यक्रमको उद्देश्य र महत्त्वबारे कार्यक्रम संयोजक राजेन्द्रबहादुर कार्कीले प्रकाश पार्नुभएको थियो।

# स्थानीयवासीका सहयोगमा प्रहरी भवन पुनर्निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

पोखरा महानगरपालिका गगनगौँडास्थित वडा प्रहरी कार्यालयको भवन स्थानीयवासीको सहयोगमा पुनर्निर्माण गरिएको छ।

गत वर्ष भदौ २४ गते भएको जेनजी आन्दोलनका क्रममा आगजनी र तोडफोडबाट क्षतिग्रस्त बनेको भवन स्थानीय समुदायको सक्रियताबाट पुनर्निर्माण भई हस्तान्तरण गरिएको छ। आन्दोलनको क्रममा क्षतिग्रस्त बनेको प्रहरी भवन स्थानीयकै पहलमा पुनः सञ्चालनयोग्य बनेपछि समुदाय र प्रहरीबीचको सहकार्यको उदाहरणका रूपमा हेरिएको छ।

पोखरा महानगरपालिका २८, २९ र ३० नम्बर वडाको पहलमा गठन गरिएको पुनर्निर्माण समितिले करिब रु पाँच लाख बराबरको लागतमा भवनको मर्मत तथा पुनर्निर्माण सम्पन्न गरेको हो। समितिका अध्यक्ष कुशल गुरुङको नेतृत्वमा




स्थानीयवासी, समाजसेवी तथा विभिन्न पक्षको सहयोग जुटाएर भवनलाई पुनः प्रयोगयोग्य बनाइएको थियो।

पुनर्निर्मित भवन जिल्ला प्रहरी कार्यालय कास्कीलाई औपचारिक रूपमा हस्तान्तरण गरिएको छ। कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीले शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी केवल प्रहरीको मात्र नभई सम्पूर्ण नागरिकको साझा दायित्व भएको बताउनुभयो। "समुदाय र प्रहरीबीच विश्वास, सहकार्य र सहभागिता बलियो हुँदा मात्रै समाजमा दिगो शान्ति, अमनचयन र कानुनी शासन स्थापित गर्न सकिन्छ। आन्दोलनका क्रममा क्षतिग्रस्त बनेको प्रहरी भवन पुनर्निर्माणका लागि स्थानीय समुदायले देखाएको अग्रसरताले नागरिक प्रहरी साझेदारी र सम्बन्धलाई थप सुदृढ बनाउँछ।" प्रहरी उपरीक्षक कार्कीले भन्नुभयो।

निर्माण समितिका संयोजक कुशलले प्रहरी कार्यालय स्थानीय नागरिकको सुरक्षासँग प्रत्यक्ष जोडिएको संस्था भएकाले यसको पुनर्निर्माणलाई सामाजिक उत्तरदायित्वका रूपमा लिएको बताउनुभयो। "सुरक्षित समाज निर्माणका लागि प्रहरी र नागरिकबीचको साझेदारी अझ सुदृढ बनाउन यस्ता सहकार्यलाई निरन्तरता दिनुपर्नेछ।" उहाँले भन्नुभयो। गत वर्ष भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा वडा प्रहरी कार्यालय गगनगौडामा आगजनी तथा तोडफोड हुँदा भवनमा क्षति पुगेको थियो। त्यसयता अस्थायी व्यवस्थापनमार्फत सेवा सञ्चालन हुँदै आएकोमा स्थानीय समुदायको सहयोगमा भवन पुनर्निर्माण सम्पन्न भएपछि प्रहरी सेवा अझ व्यवस्थित र प्रभावकारी विश्वास स्थानीयले गरेका छन्।

# पत्रकार भण्डारी पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

कञ्चनपुर प्रहरीले फैसला कार्यान्वयनका क्रममा २१ गते महेन्द्रनगरबाट पत्रकार खेम भण्डारीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले अदालतको फैसला कार्यान्वयनका क्रममा पत्रकार भण्डारीलाई पक्राउ गरी कञ्चनपुर जिल्ला अदालत पेस गरिएको जानकारी दिनुभयो। "गाली बेइज्जतीको मुद्दामा भण्डारीलाई एक महिना सात दिन कैद, रु १२ हजार १०० जरिवाना र पीडितलाई रु एक लाख क्षतिपूर्ति भराउन आदेश भएको थियो", प्रवक्ता रावतले भन्नुभयो, "अहिले स्वास्थ्य जाँच गरेर अदालतमा पेस गरिसकेका छौं।"

प्रहरीले भण्डारीलाई भीमदत्त नगरपालिका-१८ कटानबाट पक्राउ गरेको हो। निर्मला पन्त बलात्कारपछि हत्या प्रकरणका विषयमा गाली बेइज्जतीको मुद्दा उहाँ विरुद्ध परेको थियो। कञ्चनपुर जिल्ला अदालतले गतवर्ष जेठ महिनामा भण्डारीलाई दोषी ठहर गरेको थियो।

# अग्रज पत्रकार पराजुलीको निधन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

पोखराका अग्रज पत्रकार केशवराज पराजुलीको ९२ वर्षको उमेरमा निधन भएको छ।

पोखरा महानगरपालिका-३ नदीपुरस्थित निवासमा गएराति निधन हुनुभएका पराजुलीको सेती नदी किनार तुलसीघाटमा अन्त्येष्टि गरिएको छ।

उहाँ विसं २०४० देखि प्रकाशन सुरु भएको जनमत दैनिकको संस्थापक सम्पादक हुनुहुन्थ्यो। विभिन्न पत्रपत्रिकामा पराजुलीका खोजमूलक लेखरचना तथा केही कृति प्रकाशित छन्। पोखराको पत्रकारिता, शिक्षा र सामाजिक क्षेत्रमा उहाँको योगदान रहेको छ। पराजुलीका एक छोरा र चार छोरी हुनुहुन्छ। उहाँको निधनमा नेपाल पत्रकार महासङ्घ, कास्कीले विज्ञप्तिमार्फत दुःख व्यक्त गरेको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनाबाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव धिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

तिमी समस्यावाट भाग्न सक्दैनौ किनाकि त्यसवाट भागेर जाने कुनै ठाउँ छौं।

- अंकल रेमस

## सम्पादकीय

# विदेशमा रहेका नेपालीको पीडा बुझ

वैदेशिक रोजगारीमा गएका नेपालीको मृत्युदर बढ्दैछ। यो वर्ष मात्र एक हजार चार सय जनाको मृत्यु भएको सरकारी आँकडा छापाँच वर्ष अघि झण्डै आधा थियो । यसमा आत्महत्या हृदयाघात र सडक दुर्घटनापछि मृत्युका प्रमुख कारणमा तेस्रो स्थानमा पर्नु झन् बढी चिन्ताको विषय हो। आत्महत्या विदेशमा बढी हुने गरेको छ। आत्महत्या गर्नेहरूमा प्रायः विद्यार्थी भिसामा गएर आंशिक समयमा काम गर्ने युवा देखिन्छन्। यो थप चिन्ताको विषय हो। विदेशबाट कमाइ खाने र परिवारलाई खुशी दिलाउने आशामा तुषारापात लगाउने काम भएको छ। नेपालबाट वैदेशिक रोजगारी र अध्ययनका लागि विदेश जानेहरूको मृत्युदर बढ्दै गएको देखिँदा सरकार र समाज गम्भीर हुनुपर्छ।

नेपालमा वैदेशिक रोजगारी र अध्ययनलाई प्रायः आर्थिक अवसरका रूपमा मात्र हेरिन्छ। सरकारले पनि राहदानी, श्रम स्वीकृति वा अध्ययन अनुमतिका प्रक्रिया पूरा गरिदिएपछि आफ्नो दायित्व सकिएको ठान्ने गर्छ। तर सुन्दर भविष्यको सपना बोकेर विदेश पुगेका युवाले जीवन नै अन्त्य गर्ने निर्णयसम्म पुग्नु सामान्य अवस्था मान्न सकिँदैन। सरकार र समाजले यस्तै हो भनेर बस्ने गर्दा धेरैको भविष्य अन्धकार भएको छ। यस्ता दुःखद घटनाबाट सम्बन्धित परिवारले त अपूरणीय क्षति सहनुपर्छ नै राज्य र समाजको पनि कम क्षति हुँदैन। विडम्बना, सरकारले भने विदेशमा भएको नेपालीको अकाल मृत्युप्रति खासै चासो देखाएको पाइँदैन। सरकार रेमिट्यान्स पठाउने मात्र हुन भनेर चुप बस्नु विडम्बना हो। तेस्रो मुलुक र छिमेकी भारतमा अध्ययन, व्यापार, रोजगारी र श्रमको लागि जानेको संख्या ठूलो छ। भारतका विभिन्न प्रान्तमा रहेका नेपालीले भोगेको समस्या, पीडाका बारेमा सरकारले जानकारी लिन नखोज्नु नागरिकप्रति जवाफदेही नबन्नु हो। श्रम गर्न गएका मुलुकमा होस या अध्ययन गर्दै काम गर्न गएका मुलुकमा दुतावास वा नियोग, मार्फत समस्या समाधान गर्न र पीडितको अवस्था बुझ्ने काम सरकारले गर्दैन नागरिकको सरकारप्रतिको भरोसा टुट्छ।

विदेश पुगेका नेपाली नागरिकको अवस्थाका सम्बन्धमा सरकारले चासो राख्ने वा सङ्कटै नपर्दासम्म दूतावासमा सम्पर्क गर्ने बानी नेपालीहरूमा देखिँदैन। अझ उनीहरूले सम्झौताअनुसार काम गर्न वा पढ्न पाएका छन् कि छैनन् ? मानसिक दबाबमा पो छन् कि ? अस्वस्थकर वातावरणमा पो बाँचिरहेका छन् कि ? भन्नेजस्ता विषयलाई सरकारले खासै चासो दिएको देखिँदैन। वैदेशिक रोजगारी वा अध्ययनका लागि विदेश जानेहरूको गुनासो सुन्ने राज्यका दूतावास र सरकारी संयन्त्र भए पनि तिनको भूमिका प्रायः कागजी औपचारिकतामा सीमित देखिन्छ। समस्याको समाधान त परैरहोस् कारण पनि सम्भवतः सरकारी संयन्त्रलाई पूरा थाहा छैन।

यस्तो परिवेशमा आर्थिक दबाब, अध्ययनको बोझ, भाषागत कठिनाइ, सामाजिक एक्लोपन र ऋणको बोझसमेतका कारण नेपाली विद्यार्थी झन् बढी मानसिक दबाबमा पर्नु अस्वाभाविक होइन। नेपालबाट ठूलो सपना बोकेर गएका युवाले अपेक्षाभन्दा कठोर यथार्थको सामना गर्नुपर्दा निराशा र अवसालको भुमरी फसेको हुनसक्छ। विदेशमा हुने एउटा आत्महत्याले वा अकाल मृत्युले एउटा जिन्दगीमात्र समाप्त गर्ने होइन। त्यसले नेपालमा रहेका परिवारलाई पनि आर्थिक, सामाजिक र मानसिक रूपमा अधमरो बनाइदिन्छ। ऋण तिर्न बाँकी हुन्छ, शव स्वदेश ल्याउने वा विदेशमै अन्त्येष्टि गर्ने लाखौं रुपैयाँको थप भार आउँछ। परिवारले एकातिर सन्तान गुमाउँछ भने अर्कोतिर ऋण र सामाजिक पीडाको दोहोरो बोझ बोक्न बाध्य हुन्छ।

यसैले अब राज्यले मानवीय दृष्टिकोणबाट आफ्नो भूमिका पुनःपरिभाषित गरिहाल्नु उचित हुनेछ। दूतावासहरूलाई कागजात प्रमाणित गर्ने अड्डामा सीमित नराखी संकटमा परेका नागरिकका भरोसायोग्य सहयोगी हुनसक्ने गरी जनशक्ति र स्रोत साधन दिइनुपर्छ। दूतावारमा नियमित सम्पर्क, मानसिक स्वास्थ्य परामर्श, आपत्कालीन सहायता र जोखिममा रहेका नागरिकको खोजी गर्ने प्रभावकारी प्रणाली स्थापना गरिनु आवश्यक देखिन्छ। विदेशमा रहेका नेपालीका संगठन, नेपाल सदस्य भएका अन्तर्राष्ट्रिय संघ संगठन, नेपाललाई माया गर्नेहरुको सहयोग लिने वातावरण सरकारले बनाउनु जरुरी छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# पर्वतको फलेवास क्षेत्रमा सिसीटिभी क्यामेरा विस्तार

**पोखरापत्र संवाददाता**
पर्वत, १८ असार

ग्रामीण क्षेत्रमा बढ्दै गएको चोरी, डकैती, लुटपाट, हत्या तथा सवारी दुर्घटनाजस्ता घटना न्यूनीकरण गर्नका लागि पर्वतको फलेवास नगरपालिकाका विभिन्न क्षेत्रमा सिसिटिभी निगरानी प्रणाली विस्तार गरिएको छ।

दैनिक ठूलो सङ्ख्यमा सर्वसाधारणको आवतजावत हुने भएकाले सुरक्षा चुनौती बढ्दै गएपछि सिसीक्यामेरा जडान गरिएको वडा अध्यक्ष नवीनकुमार श्रेष्ठले बताउनुभयो। देवीस्थानको कमलेबजारदेखि ढिकसम्मको क्षेत्र पुरानो तथा व्यस्त व्यापारिक केन्द्र हो। यहाँ बैंक तथा वित्तीय संस्था, सुनचाँदी पसल, टिकट काउन्टरलगायतका व्यवसाय सञ्चालनमा छन्। वडाध्यक्षले भन्नुभयो, "सिसिटिभी क्यामराले अपराध नियन्त्रण, घटनाको अनुसन्धान तथा सर्वसाधारणमा सुरक्षा अनुभूति बढाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौँ। गत वर्ष पनि वडाभित्रका ५० स्थानमा सडकबत्ती जडान गरी सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाएका थियौं।" स्थानीय व्यापारीहरूले बजार क्षेत्रमा सिसिटिभी क्यामरा जडान भएपछि व्यवसाय सञ्चालन थप सुरक्षित र सहज हुने अपेक्षा गरेका छन्। स्थानीय व्यापारी प्रकाश श्रेष्ठले भन्नुभयो, "क्यामरा जडान भएपछि चोरी तथा अन्य आपराधिक गतिविधिमा संलग्न हुनेहरूमा त्रास सिर्जना हुनेछ। यसले व्यापारी र ग्राहक दुवैलाई सुरक्षित महसुस गराउनेछ।"

जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी नायब उपरिक्षक विजय यादवले सिसिटिभी क्यामरा आधुनिक सुरक्षा व्यवस्थापनको प्रभावकारी माध्यम भएको बताउनुभयो। उहाँले भन्नुभयो, "घटना हुन नदिन र भइहालेमा दोषी पहिचान गर्न सिसिटिभी अत्यन्त उपयोगी हुन्छ। स्थानीय तहले गरेको यस्तो पहलले प्रहरी अनुसन्धानमा पनि ठूलो सहयोग पुग्छ।" स्थानीयवासीले पनि सुरक्षा संवेदनशील क्षेत्रमा सिसिटिभी क्यामरा जडानलाई सकारात्मक रूपमा लिँदै आगामी दिनमा थप स्थानमा विस्तार गर्नुपर्ने माग गरेका छन्। फलेवास नगरपालिकाका नगरप्रमुख गङ्गाधर तिवारीले ग्रामीण क्षेत्रको सुरक्षालाई मध्यनजर गदै सहरीकरण उन्मुख वडाहरूमा सिसीक्यामेरा जडान गर्दै लैजाने योजना बनाएको बताउनुभयो। फलेवासका मुडिकुवा, खानीगाउँ, देवीस्थान, शङ्करपोखरी, कार्कीनेटालगायतका क्षेत्रमा सिसीक्यामेरा विस्तार गरिने उहाँको भनाइ छ।

# ठेक्का सम्झौता भएको पाँच वर्षपछि सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ असार

म्याग्दीको मालिका गाउँपालिकामा ठेक्का सम्झौता भएको पाँच वर्षपछि सडक स्तरोन्नति योजना सम्पन्न भएको छ।

मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि वडा नम्बर १ को कार्यालय रहेको निस्कोट जोड्ने सडक स्तरोन्नतिका लागि विसं २०७८ देखि सुरु भएको योजना पाँच वर्षपछि पूरा भएको हो। छ महिनामा सम्पन्न गर्ने लक्ष्यसहित विसं २०७८ माघ ७ मा निर्माण कम्पनीले रु दुई करोड ८३ हजारमा ठेक्का सम्झौता गरेको थियो। उक्त ठेकेदारसँगको सम्झौता योजना सम्पन्न हुदाँसम्म सातौं पटक थपिएको गाउँपालिकाले जनाएको छ। ९० प्रतिशत भौतिक प्रगति भएको योजनामार्फत भएका कामको प्राबिधिक नापजाँच र मूल्याङ्कन गरी ठेक्का सम्झौता अन्त्य गर्ने प्रक्रिया अघि बढाएको गाउँपालिकाका पूर्वाधार शाखा प्रमुख दीपक सापकोटाले बताउनुभयो। "रु तीन करोड ३१ लाख ९९ हजार ९९९ लागत अनुमान गरिएको सडक निर्माणका लागि ठेक्का प्रतिस्पर्धामा सबैभन्दा कम कवोलेको कम्पनीसँग सम्झौता भएको थियो", उहाँले भन्नुभयो, "कालोसूचीमा राखेर कारबाही प्रक्रीया अघि बढाएपछि अन्तिम समयमा आएर ठेकेदारले काम गरेका हुन्।" योजनामार्फत घोर्सीडाडाँ क्षेत्रमा १९० मिटर दूरीमा सडक ढलान, फराकिलो पार्ने, घुम्ती र ग्रेड सुधार, सोलिङ, ग्याबियन र टेवा पर्खाल निर्माण भएको पूर्वाधार शाखा प्रमुख सापकोटाले बताउनुभयो। निस्कोटदेखि ताराखोलातर्फ जाने सडकको मार्ग पनि खोलिएको छ।

यो सडकले मालिका गाउँपालिकाको वडा नम्बर १ निस्कोट र २ बिलबाङ, रुमलाई पालिकाको केन्द्र दरवाङ बजारसँग जोड्छ। मालिका गाउँपालिका–२ का सोमबहादुर दर्जीले अप्ठ्यारो ठाउँमा ढलान, घुम्ती र मोड सुधार गरेपछि यात्रा सहज बनेको बताउनुभयो। सडक स्तरोन्नति योजनालाई निरन्तरता दिनुपर्ने उहाँको भनाइ छ।

निस्कोट हुँदै बाग्लुङको ताराखोला गाउँपालिका पनि जोडिने भएकाले रणनीतिक महत्वको योजना भएको मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले बताउनुभयो। "अघिल्लो कार्यकालमा सङ्घीय सरकारको समपूरक अनुदानमा सञ्चालित अलपत्र योजनालाई पूर्णता दिन पालिकाले ब्यभार ब्यहोर्नुपर्‍यो", उहाँले भन्नुभयो, "धेरै मेहनत गरेर अलपत्र र अधुरो योजनालाई पूर्णता दिने अवस्थामा पुऱ्याएका छौं।"

गत आर्थिक वर्ष २०८१/०८२ मा रु एक करोड बजेट विनियोजन भएको निस्कोट–ताराखोला जोड्ने सडक निर्माण गर्न भएको ठेक्का समझौता वनसम्बन्धी मुद्दा परेपछि तोड्नुपरेको गाउँपालिकाका अध्यक्ष गर्बुजाले बताउनुभयो।

# बडिगाड आधारभूत अस्पतालमा डायलाइसिस सेवा सञ्चालन

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ असार

यहाँस्थित बडिगाड आधार भूत अस्पतालले सोमबारदेखि डायलाइसिस सेवा सुरु गरेको छ।

सङ्घीय सरकारले प्रदान गरेका पाँच थान रक्त शुद्धीकरण उपकरण प्राप्त गरेपछि, मिगौला फेल भएका बिरामीलाई सो सेवा दिन थालिएको बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिनुभयो। गाउँपालिका र सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरबीच सम्झौता भएपछि उक्त उपकरण प्राप्त भएको थियो। यसअघि त्यस क्षेत्रका मिर्गौला रोगीले डायलाइसिस सेवाका लागि धौलागिरि प्रादेशिक अस्पताल तथा अन्य स्थानमा जानुपर्ने बाध्यता थियो।

डायलाइसिस सेवा सञ्चालन भएबाट गाउँपालिकासहित बागलुङको पश्चिमी क्षेत्र, गुल्मी तथा आसपास जिल्लाका मिगौला रोगी लाभान्वित हुने भएका छन्।

मध्यपहाडी पुष्पलाल लोकमार्ग नजिकै रहेको बडिगाड आधारभूत अस्पतालले उक्त सेवा दिन थालेपछि राजमार्गमा हुने दुर्घटनाका बिरामीलाई उपचार सेवामा टेवा मिल्ने भएको छ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बडिगाड आधारभूत अस्पताललाई आवश्यक प्रक्रिया पूरा गरी प्रदेश सरकारको मातहतमा ल्याउन सकिने बताउनुभयो।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २४ ढोकामुख गुन्टेचौर मोटरबाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : ढोकामुख गुन्टेचौर मोटरबाटो निर्माण**
**उपभोक्ता समितिको नाम : ढोकामुख गुन्टेचौर मोटरबाटो निर्माण उपभोक्ता समिति, पोखरा–२४, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नामः राम बहादुर रानाभाट**
**सम्पर्क नं :९८०४१५४७२४**
**जम्मा सदस्य संख्या : ७**
**महिला सदस्य संख्या : ३**
**योजना सम्झौता मिति : २०८२/१२/१६**
**योजना सुरु मिति : २०८२/१२/१७**
**सम्पन्न भएको हुने मितिः २०८३/०३/२१**
**सम्पन्न भएको मितिः २०८३/०३/१८**
**महानगरपालिकाबाट : रु. १५,००,०००/-**
**जनसहभागिता : रु. १,६७,९७८/१७**
**योजनाको कुल लागत : रु. १६,६७,९७८/१७**

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Gli 0610000819 | निश्चल थापा | पोखरा–६, कास्की |
| २ | Gli 0610000782 | अनुभव ताम्राकार | पोखरा–१, कास्की |
| ३ | Gli 0610004357 | अनुष्का ताम्राकार | पोखरा–१, कास्की |

# भाडा दुई प्रतिशतले घट्यो

**रासस**
पोखरा, १८ असार

यातायात व्यवस्था विभागले गत असार १७ गते मध्यरातिदेखि पेट्रोलियम पदार्थको मूल्य घटेसँगै अन्तरप्रदेश चल्ने सार्वजनिक तथा मालवाहक सवारीसाधनको भाडादर आजदेखि नै लागू हुनेगरी दुई प्रतिशतले घटाएको छ।

विभागले बुधबार सार्वजनिक सूचना जारी गर्दै सार्वजनिक यातायात तथा मालवाहक सवारीसाधनको भाडा दुई प्रतिशतले घटाइएको हो।

विभागले पछिल्लो पटक भाडादर समायोजन गर्दा भएको डिजेलको औसत मूल्य प्रतिलिटर २३५ रुपैयाँ ८३ पैसा रहेको थियो भने गत असार १७ गतेदेखि भने १९३ रुपैयाँ ८३ कायम भएकाले स्वचालित प्रणालीअनुसार नयाँ भाडा समायोजन गरिएको जनाएको छ।

## एउटै व्यक्तिभएको सूचना



स्याङ्जा जिल्ला वानेथोक देउराली गा.वि.स. वडा नं. ६ बस्ने नरविर खवासको छोरा प्रेमबहादुर खवासको माग निवेदन अनुसार निजको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम, थर प्रेमबहादुर खवास जन्ममिति २०१९/६/५ भएको र भारतीय पेन्सन रेकर्डमा नाम, थर प्रेमबहादुर गुरुङ, जन्ममिति २०१९/१०/११ भएकोले उक्त दुई थर, दुई जन्ममिति भएको व्यक्ति एउटै हो भनि गा.वि.स.को च.नं. १८० मिति २०६०/१०/२२ को पत्रबाट लेखी आएको व्यहोरा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्तिभएको सूचना



गण्डकी प्रदेश, कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ७ निवासी भु.पु. भारतीय सैनिक नं. जे.सी-६०२३१०F युनिट १/१ जि.आर का सोबित बहादुर खवासको श्रीमती खिना कुमारी खवासको यस वडा कार्यालयमा पेश गर्नु भएको माग निवेदन अनुसार निजको नेपाली नागरिकता 'प्रमाण पत्रमा नाम थर खिना कुमारी खवास, जन्म मिति २०२३।०९।१५ उल्लेख भएको र भारतीय पेन्सन पट्टामा नाम थर श्रीमती खिना कुमारी, जन्म मिति वि.स.२०२२।०८।३०(१५ डि १९६५ ए.डि.) उल्लेख भई फरक पर्न गएता पनि यी दुई नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला, पोखरा महानगरपालिका ७ नं. वडा कार्यालयको च.नं. १४९९ मिति २०८२/०१/३१ को सिफारिस पत्रबाट लेखि आएको व्यहोरा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्तिभएको सूचना



स्याङ्जा जिल्ला साविक बानेथोक देउराली गा.वि.स वडा नं. ६ हाल भीरकोट नगरपालिका वडा नं. ३ निवासी भारतीय भू.पू सैनिक नं. ५२४४४११ NK का श्री प्रेम बहादुर खवासको श्रीमतीको नेपाली प्रमाणपत्रमा नाम थर कृष्ण कुमारी खवास जन्म मिति वि.स २०२४/१०/१८ निजको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नाम थर कृष्ण गुरुङ् र जन्म मिति सन् १९६७/०७/१५ भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनु हुन भनी उक्त नगरपालिका ३ नं. वडा कार्यालयको च.नं.१२९९ मिति २०७६/०२/१४ को पत्रबाट लेखि आएको व्यहोरा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्तिभएको सूचना



कास्की जिल्ला, पौखरा महानगरपालिका वडा नं. १५ निवासी भारतीय भु.पु. सैनिक नं. ५४४९४६७ NK भक्त बहादुर पुनको श्रीमती सुर्यकुमारी गर्बुजा पुनको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर सुर्य कुमारी गर्बुजा पुन, जन्म मिति ई.सं. १९७०-०४-१२ भएको र भारतीय सैनिक अभिलेखमा नामथर सुर्य कुमारी पुन, जन्म मिति ई.सं. १९६९-०४-१२ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १५ नं. वडा कार्यालयको च.नं. ४२९५ मिति २०८३।०३।१७ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्तिभएको सूचना



गण्डकी प्रदेश, कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.७ निवासी भु.पु. भारतीय सैनिक नं. जे.सी-६०२३१०F युनिट १/१ जि.आर का सोबित बहादुर खवासको यस वडा कार्यालयमा पेश गर्नु भएको माग निवेदन अनुसार निजको नेपाली नागरिकता प्रमाण पत्रमा नाम थर सोबित बहादुर खवास, जन्म मिति वि.स. २०१६।१२।०६ उल्लेख भएको र भारतीय पेन्सन पट्टामा नाम थर सोबित बहादुर गुरुङ, जन्म मिति वि.स.२०१७।०१।०९ (ए.डि.२१।०४।१९६०) उल्लेख भई फरक पर्न गएता पनि यि दुई नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला, पोखरा महानगरपालिका ७ नं. वडा कार्यालयको च.नं.१४९८ मिति २०८२/०१/३१ को सिफारिस पत्रबाट लेखि आएको व्यहोरा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्तिभएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १५ निवासी भारतीय भु.पु.सैनिक नं. ५४४९४६७ NK भक्त बहादुर पुनको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर भक्त बहादुर गर्बुजा, जन्म मिति वि.सं. २०२१।०६।०१ तदानुसार ई. सं. १९६४-०९-१६ भएको र भारतीय पेन्सन अभिलेखमा नामथर भक्त बहादुर पुन, जन्म मिति ई.सं.१९६५-०३-१४ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १५ नं. वडा कार्यालयको च.नं. ४२९९ मिति २०८३।०३।१७ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १३ (साविक आर्वाविजय गा.वि.स. वडा नं. ०६) निवासी भारतीय भु.पु. सैनिक नं. 5450030W का हवल्दार/हनेरी नायब सुबेदार लक्ष्मण थापाको पारिवारिक विवरणमा निम्नानुसारको विवरण फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिसका साथ अनुरोध गरिन्छ भनि कास्की जिल्ला पोखरा महानगरपालिका १३ नं. वडा कार्यालयको च.नं. ३८७४ मिति २०७६/०३/१६ को सिफारिस पत्रबाट लेखि आएकोले सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क.सं. | नागरिकता अनुसारको | | पेन्सन अभिलेख अनुसारको | | नाता | कै. |
|---|---|---|---|---|---|---|
| | नाम थर | जन्म मिति | नाम थर | जन्म मिति | | |
| १ | लक्ष्मण सुनार | वि.सं.२०२४/०९/०४ (19/12/1967 A.D.) | लक्ष्मण थापा | 19/12/1967 A.D. | पेन्सनर | |
| २ | लिलावती सुनार | वि.सं.२०२५/०९/१५ (29/12/1968 A.D.) | लिलावती थापा | 25/12/1968 A.D. | श्रीमती | |
| ३ | अजित सुनार | वि.सं.२०४९/०७/२४ (9/11/1992 A.D.) | अजित कुमार थापा | 10/11/1991 A.D. | छोरा | |
| ४ | सविना कुमारी सुनार | वि.सं.२०५२/०७/१३ (30/10/1995 A.D.) | सविना कुमारी थापा | 30/10/1995 A.D. | छोरी | |

जिल्ला प्रशासन कार्यालय, कास्की

# फिजियोथेरापी सेवाले बिरामीलाई सहज

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ असार

स्थानीय काठेखोला गाउँपालिका-८ लेखानीस्थित लेखानी स्वास्थ्य चौकीले फिजियोथेरापी सेवा दिन थालेको छ।

ग्रामीण क्षेत्रका नागरिकलाई बजारमा पुगेर फिजियोथेरापी सेवा लिन सास्ती हुने भएकाले स्वास्थ्य चौकीमै सेवा दिन थालेको हो। स्थानीयले देश तथा विदेशबाट दाता खोजेर स्वास्थ्यचौकीमै उक्त सेवा दिन थालेपछि बिरामीलाई बागलुङ बजार धाउन पर्ने बाध्यता हटेको छ। रु ३७ लाखको लगानीमा वडा कार्यालयले तीन कोठाको भवन निर्माण गरी उक्त सेवा सञ्चालन गरेको स्वास्थ्य चौकी प्रमुख लक्ष्मीप्रसाद निउरेले जनाकारी दिनुभयो। उक्त भवनमा फिजियोथेरापीसँगै किशोरकिशोरीमैत्री सेवा र स्तनपान कक्ष राखिएको छ। अहिले स्वास्थ्यचौकीमै भएका जनशक्तिबाटै सेवा सञ्चालन हुँदै आएको छ। हाल स्वास्थ्यचौकीमा दुई जना स्वास्थ्यकर्मी अपुग रहेको प्रमुख निउरेले बताउनुभयो। हरेक दिन पाँच जनाको हाराहारीमा फिजियोथेरापी गराउनुपर्ने नशासम्बन्धी रोगका बिरामी आउने गरेको स्वास्थ्यबाट थाहा भएको छ। निउरेले भन्नुभयो, "गाउँबाट बागलुङ बजार पुगेर फिजियोथेरापी गराउन सजिलो छैन, हालै यो सुविधा दिन थालेका हौँ, स्वास्थ्यचौकीमा दैनिक ३० जना बिरामी आउँछन्, त्यसमध्ये पाँच/सात जना त फिजियोथेरापी गराउने हुन्छन्।"

स्वास्थ्यचौकीबाट विद्यालय तहमा पढ्ने किशोरकिशोरीमा आउने शारीरिक परिवर्तनसँगै पर्ने समस्या, यौनरोग, किशोरीका लागि आइरन चक्की खुवाउने, महिनावारीका कारण आउने समस्याजस्ता विषयमा यहाँ परामर्श र औषधि वितरण गर्दै आएका छ। त्यसबाहेक किशोरकिशोरीको शरीरमा हेमोग्लोबिनको जाँच पनि गर्ने प्रमुख निउरे बताउनुहुन्छ। स्थानीय मनिकला छन्त्यालले गाउँमै फिजियोथेरापी सेवा पाएपछि सदरमुकाम बागलुङ बजार जानुपर्ने बाध्यता हटेको बताउनुभयो। हरेक वर्ष दुई हजार ६०० को हाराहारीमा बिरामीले सेवा लिने गरेको उक्त केन्द्रबाट चालु आर्थिक वर्षको हालसम्म दुई हजार ५०० बढी बिरामीले त्यहाँबाट स्वास्थ्य परीक्षण गराइसकेका छन्।

# सर्पगन्धाले बदलिँदै सामुदायिक वनको स्वरूप

**पोखरापत्र संवाददाता**
दमौली, १८ असार

तनहुँको देवघाट गाउँपालिकाका सामुदायिक वनहरूले दुर्लभ तथा बहुमूल्य औषधीय वनस्पति सर्पगन्धाको व्यवसायिक खेती सुरु गरेसँगै वन व्यवस्थापन र आम्दानीको नयाँ सम्भावना देखिएको छ। वनमा काठजन्य प्रजातिमात्र सीमित नरही उच्च आर्थिक तथा औषधीय महत्वका जडीबुटीको उत्पादनतर्फ समुदाय अग्रसर भएपछि देवघाट क्षेत्र जडीबुटी खेतीको केन्द्र बन्न लागेको हो।

देवघाट गाउँपालिका-५ स्थित मधुवन सामुदायिक वन उपभोक्ता समूहले तनहुँ जिल्लामै पहिलो पटक सर्पगन्धाको व्यावसायिक खेती थालेको छ। समूहले गत आर्थिक वर्षदेखि चार रोपनी क्षेत्रफलमा आठ हजार बिरुवा रोपण गरेको छ। उक्त परियोजनामा डिभिजन वन कार्यालय तनहुँले रु चार लाख र मधुवन सामुदायिक वनले रु एक लाख दश हजार गरी कुल पाँच लाख १० हजार लगानी भएको छ। सर्पगन्धा खेती विस्तार गर्ने अभियानमा देवघाटका अन्य सामुदायिक वन पनि जोडिएका छन्। वडा नम्बर ५ स्थित चक्रवर्ती सामुदायिक वनले चार हजार र रानीवन सामुदायिक वनले एक हजार बिरुवा रोपेका छन्।

यसैगरी कालिका सामुदायिक वन तथा वडा नम्बर १ को सुनझाँक्री सामुदायिक वनले प्राकृतिक रूपमा उम्रिएका सर्पगन्धाका बिरुवाको संरक्षण अभियान सुरु गरेका छन्। चालु आर्थिक वर्षभित्र थप बिरुवा रोपण गर्ने योजना समेत वन समूहहरूले बनाएका छन्। मधुवन सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष डिल्लीराम अधिकारीले सर्पगन्धाको महत्व र बजार सम्भावनालाई मध्यनजर गर्दै यसको व्यवसायिक खेती सुरु गरिएको बताउनुभयो। "सामुदायिक वनको आम्दानी बढाउनुका साथै वनलाई उत्पादनमुखी बनाउने उद्धेश्यले यो खेती सुरु गरेका हौं," उहाँले भन्नुभयो, "गत वर्ष रोपिएका बिरुवाको संरक्षण, गोडमेल र विस्तार गर्दै आगामी वर्षहरूमा राम्रो आम्दानी लिन सकिने विश्वास छ।" चक्रवर्ती सामुदायिक वनका अध्यक्ष टुकनाथ अधिकारीका अनुसार वनमा फैलिएका झाडी हटाएर बहुमूल्य जडीबुटीको खेती गरिएको हो। "अबको दुई वर्षभित्र यसबाट प्रत्यक्ष आर्थिक लाभ लिन सकिने अपेक्षा गरेका छौं," उहाँले भन्नुभयो। सामुदायिक वन उपभोक्ता महासङ्घ गण्डकी प्रदेशका सचिव केशवचन्द्र न्यौपानेले सामुदायिक वनहरूले आम्दानीका वैकल्पिक स्रोत खोज्नुपर्ने बताउँदै देवघाटको तल्लो भेगको हावापानी सर्पगन्धा खेतीका लागि उपयुक्त भएकाले भविष्यमा यसबाट उल्लेखनीय आम्दानी लिन सकिने बताउनुभयो।

सव-डिभिजन वन कार्यालय देवघाटका अनुसार उपभोक्ताहरूलाई सर्पगन्धाको महत्व, उपयोगिता र बजार मूल्यबारे जानकारी गराइएपछि व्यवसायिक खेतीतर्फ आकर्षण बढेको हो। पहिले झाडी ठानेर नष्ट गरिने यो वनस्पति अहिले वन समूहहरूको प्राथमिकतामा पर्न थालेको छ। डिभिजन वन कार्यालय तनहुँका अनुसार जिल्लामा हालसम्म देवघाटका सामुदायिक वनले मात्रै सर्पगन्धाको व्यवसायिक खेती सुरु गरेका छन्। समुद्री सतहबाट दुई सयदेखि पाँच सय मिटर उचाइसम्मको भूभाग सर्पगन्धा खेतीका लागि उपयुक्त मानिन्छ। यही कारण देवघाटका वडा नम्बर १ र ५ बाहेकका अधिकांश क्षेत्रमा यसको खेती सम्भव नभएको वन कार्यालयले जनाएको छ। सर्पगन्धा (राउल्फिया) एक बहुवर्षीय सदाबहार औषधीय वनस्पति हो। यसको जरामा पाइने 'रिसर्पिन', 'सर्पेन्टाइन' र 'एज्मालिन' जस्ता वनस्पतिजन्य रसायन उच्च रक्तचाप, निद्रा नलाग्ने समस्या, डिप्रेसन, मानसिक उत्तेजना तथा मिर्गी रोगको उपचारमा उपयोगी मानिन्छन्।

# दुई लाखभन्दा बढी बाख्रालाई पिपीआर खोप

**पोखरापत्र संवाददाता**
चितवन, १८ असार

जिल्लामा पालिएका दुई लाख २० हजार बाख्रालाई पिपीआर विरुद्धको खोप लगाईएको छ।

मोरडिली भाइरसका कारण उक्त रोग लाग्ने पशुसेवा कार्यालय चितवनका प्रमुख डा प्रभात न्यौपानेले जानकारी दिनुभयो। जिल्लामा अहिले तीन लाख बाख्रा पालिएको अनुमान गरिएको छ।

पशुचिकित्सक न्यौपानेका अनुसार, उक्त रोग लागेका बाख्रामा उच्च ज्वरो आउने, मुखमा घाउ हुने, झाडापखाला लाग्ने, नाक-आँखाबाट सिँगान बग्ने, निमोनिया भए जस्तो हुने, सास फेर्न कठिन हुने, खान मन नलाग्न जस्ता लक्षण देखिन्छ।

सुरुमा तीनदेखि पाँच दिनमा लक्षण देखिने र ७ देखि १० दिनभित्र बाख्रा मर्न सक्ने हुन सक्छ। त्यस रोगबाट सङ्क्रमितमध्ये ५० देखि ९० प्रतिशतसम्म बाख्रा मर्ने सक्ने अनुमान गर्न सकिने चिकित्सक बताउँछन्।

कार्यालयले हरेक वर्ष बाख्रामा त्यस रोग विरुद्धको खोप दिँदै आएको छ। रोगी बाख्रा-खसीको जुतोबाट, रोगी बाख्राको नाकबाट निस्कने सिँगानबाट, आँखाबाट निस्कने आँसुको माध्यमबाट, रोगी बाख्राले खोक्दा र हाच्छिउँ गर्दा हावामा मिसिने मसिना कणमा भएका विषाणुबाट सङक्रमण फैलिन्छ। खानेपानी, दाना हाल्ने डुँड र प्रयोग गरिएको सोतर सङ्क्रमण फैलिने उहाँले बताउनुभयो। व्यावसायीक रुपमा बाख्रापालन गर्ने किसानलाई जैविक सुरक्षाको विधि अवलम्बन गर्न पनि चिकित्सकहरुले सुझाव दिनुभएको छ।

पिपीआर रोगले मरेका पशुलाई खाल्टो खनेर गाड्न र रोगी बाख्रासँग लसपस भएका सरसामान जलाएर नष्ट गर्नु उपयुक्त हुने चिकित्सकको सल्लाह छ। त्यस रोगबाट बचाउन तीन महिना उमेर पुगेका सम्पूर्ण स्वस्थ भेडाबाख्रालाई प्रत्येक दुई वर्षमा उक्त रोग विरुद्ध खोप लगाउन सुझाव छ।


## सूची दर्ता गर्ने बारेको सूचना

**प्रकाशन मिति २०८३।०३।१९**

यस संस्थाको नियमानुसार आ.व. २०८३।०८४ का लागि आवश्यक पर्ने देहायका वस्तु तथा सेवाहरु पटक पटक वा एकै पटक खरीद गर्न छुट्टाछुट्टै सूची तयार गरी राख्नु पर्ने भएकोले इच्छुक सेवा प्रदायकहरुबाट आफुले उपलब्ध गराउने वस्तु तथा सेवाको विवरण, कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, गत आ.व.को करचुक्ता प्रमाणपत्र, कम्पनीको प्रोफाइल प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस संस्थाको कार्यालय, पोखरा १३ कास्कीको प्रशासन शाखामा वा ईमेल (ccsccltd@gmail.com) मार्फत उपलब्ध गराउन आह्वान गरिन्छ।

सूचीकृत फर्म/कम्पनी मार्फत प्राप्त गरिने वस्तु तथा सेवाको विवरण :

**क. छपाइ तथा मसलन्द**
१. स्टेशनरी सामान आपूर्ति कार्य
२. चेक तथा चेक कभर, चेक माग स्लिप, नगद जम्मा भौचर, ऋण भौचर, आम्दानी भौचर, खर्च भौचर, वार्षिक प्रतिवेदन, बुलेटिन, हाते पुस्तिका, जरनल, शेयर प्रमाणपत्र, डायरी, क्यालेण्डर आदि छपाई तथा आपुर्ति कार्य
३. फ्लेक्स, होडिङ बोर्ड तथा साइनबोर्ड आदि आपूर्ति

**ख. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सम्बन्धि सामानहरु**
१. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सम्बन्धि सामानहरु आपूर्ति तथा सो सम्बन्धी सामानहरु मर्मत सम्भार समेतका कार्यहरु
२. कम्प्युटर, सर्भर, ल्यापटप, प्रिन्टर, क्यामेरा, बाह्य हार्ड डिस्क लगाएत कम्प्यूटर सम्बन्धी अन्य सामानहरु आपूर्ति तथा मर्मत कार्यहरु
३. CCTV/Alarm System/EPABX/Telephone Sets/Fire Alarm/Battery/AC/UPS/Fire Extinguisher आदि सामानहरुको आपूर्ति तथा सो सम्बन्धी मर्मत सम्भार, रिफिलिङ जस्ता कार्यहरु
४. अफिस उपकरण, फोटोकपि, एयर कन्डिसन मेसिन, फेक नोट डिटेक्टर आदि आपूर्ति तथा सोमा लाग्ने पार्टपुर्जाहरु आपुर्ति तथा मर्मत सम्भारका कार्यहरु
५. प्रिन्टरको इन्क, कार्टेज, रिबन, टोनर, आपूर्ति तथा रिफिलिङ

**ग. निर्माण, मर्मत तथा सम्भार**
१. कार्यालय निर्माण/आन्तरिक सजावट
२. Networking Equipment/Connectivity/Services/IT Support/CCTV/AC Maintenance

**घ. फर्निचर तथा फिक्सचर्स सम्बन्धि कार्यहरु**
१. अफिस फर्निचर (मेटल तथा काठको) फाइलिङ र्याक (क्याबिनेट), टेबुल, कुर्सी, दराज आदि आपूर्ति तथा मर्मत कार्य

**ङ. अन्य सेवाहरु**
१. धितो मूल्याङ्कन कर्ता २. युनिफर्म ३. विज्ञापन, सूचना प्रकाशन/प्रसारण

**सूचीकृत हुने सम्बन्धमा थप जानकारीहरु :**
१. सूचीकरणको लागि पेश हुन आएको निवेदनसंग विवरण, क्षमता तथा दक्षतालाई आधार मानि निवेदन दिनेहरु मध्येबाट योग्य ठहरिएका विक्रेता/आपुर्तिकर्ताहरुलाई (फर्म, कम्पनी) मात्र सूचीकृत गरिने छ।
२. सूचीकृत हुनको लागि आवेदनमा सबै वा कुनकुन सामानहरु आपूर्ति र मर्मत कार्य गरिने हो। खुलाउनु पर्नेछ।
३. सूचीकृत भएका फर्महरु मध्येबाट सामान तथा सेवाहरु आवश्यकता अनुसार सोझै खरिद, कोटेसन वा शिलबन्दी कोटेशन माध्यमबाट गरिने छ। तर सूचीकृत भएका सबै विक्रेता आपूर्तिकर्ता (फर्म कम्पनी) बाट सामान वा सेवा खरिद गर्न संस्था बाध्य हुनेछैन। सूचीकृत सेवा प्रदायक, आपूर्तिकर्ताबाट उपलब्ध हुन नसकेमा वा दर भाउ बढि भएमा बाह्य आपूर्तिकर्ताबाट नियम अनुसार सेवा लिने छ।
४. संस्थाले बोलपत्रको माध्यमबाट सामान/सेवा खरिद गर्दाको हकमा भने सूचीकृत भएका/नभएका अन्य संस्था र कम्पनीले पनि मांग लिन पाउने गरी कार्य गर्न सक्नेछ।
५. स्वीकृत भएका विक्रेता, कम्पनी, फर्मबाट संस्थाको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट वा बोलकबोलद्धार भाग लिन अनुरोध गरिने छ।
६. अघिल्ला वर्षहरुमा संस्थामा सूचीकृत सेवा प्रदायकहरुले निवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि मात्र पेश गर्दा हुनेछ।
७. आपूर्तिकर्ताहरु (फर्म कम्पनी) सूचीकृत गर्ने वा नगर्ने भन्ने सम्बन्धमा सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ।

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१३, कास्की, फोन नं. ०६१-५८५७९५, ०६१-५७६९८८, ०६१-५८०५६७
E-Mail : ccsccltd@gmail.com